१०घ. सुविधा तथा सहुलियतको दुरूपयोग गर्न नहुने : यस ऐन बमोजिम श्री ५ को सरकारले उपलब्ध गराएको परिवर्त्य विदेशी मुद्राको सटही सुविधा, अन्य सुविधा र सहुलियतहरू जुन प्रयोजनको लागि उपलब्ध गराएको हो त्यस्तो काममा प्रयोग नगरी दुरूपयोग गर्नु हुँदैन ।

११. खारेजी: (१) मूल ऐनको दफा २ख., दफा ४ र दफा १०क. खारेज गरिएका छन् ।

(२) मील सम्बन्धी ऐन, २०२२ खारेज गरिएको छ ।

लालमोहर सदर मिति:– २०४४।७।१।१

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४४ सालको ऐन नं. २१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## हुलाक ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः हुलाक ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "हुलाक (दोस्रो संशोधन) ऐन, २०४४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. हुलाक ऐन, २०१९ को दफा २ मा संशोधन : हुलाक ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छ :–

"(ट१) "हुलाक अपराध" भन्नाले यस ऐनबमोजिम सजाय हुने कसूर सम्झनुपर्छ ।"

३. मूल ऐनमा दफा ५ग. र ५घ. थपः मूल ऐनको दफा ५ख पछि देहायका दफा ५ग. र ५घ. थपिएका छन्ः–

"५ग. समय तालिकामा बस्नु नपर्नेः श्री ५ को सरकारबाट ढुवानी भाडा लिने गरी वा निःशुल्क रूपमा डांक ढुवानी गर्न इजाजत पाएका सार्वजनिक यातायात सेवा संचालन गर्ने व्यक्ति वा संस्थालाई हुलाक सेवा विभागले यातायात सेवा संचालन गर्नु पर्ने समय तालिका तोकिदिएको अवस्थामा सोही बमोजिम संचालन गर्नु पर्नेछ ।

५घ. डांक परिवहन गराउने विशेष दायित्वः डांक निर्धारित समय तालिका बमोजिम परिवहन गराउँदा कुनै कठिनाइ आइपरेमा आवश्यक सहयोग गर्नु सम्बन्धित स्थानीय प्रशासन, प्रहरी तथा स्थानीय पंचायतको कर्तव्य हुनेछ ।"

४. मूल ऐनको दफा १८ मा संशोधनः मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः–

"१८. भन्सार महसुल असूल गरी हुलाक वस्तु डेलिभरी गर्नेः (१) विदेशबाट प्राप्त भएको हुलाक वस्तुमा भन्सार महसुल लाग्ने कुनै वस्तु रहेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्ने शंका लागेमा हुलाक अड्डाले त्यस्तो हुलाक वस्तुको डेलिभरी रोक्का राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्का राखेको हुलाक वस्तु हुलाक हाकिमले स्थानीय भन्सार अधिकारीको रोहवरमा खोली भन्सार महसुल लाग्ने वस्तु फेला परेमा प्रचलित कानूनबमोजिम लाग्ने भन्सार महसुल कायम गराई सो रकम हुलाकबाट डेलिभरी पाउने व्यक्तिले स्थानीय भन्सार कार्यालयमा बुझाएको निस्सा पेश गरेपछि हुलाक वस्तुको डेलिभरी दिनेछ ।

(३) भन्सार महसुल लाग्ने हुलाक वस्तु डेलिभरी हुन नसकेमा वा प्रापकले डेलिभरी लिन नचाहेमा वा प्रेषकलाई फिर्ता पठाउनु नपर्ने भएमा वा प्रापकलाई सूचना दिएको पैंतालीस दिनसम्ममा पनि डेलिभरी लिन नआएमा हुलाक अड्डाले त्यस्ता हुलाक वस्तु लिलाम बिक्री गरी त्यसबाट प्राप्त रकम राजस्वमा आम्दानी बांध्नेछ ।"

५. मूल ऐनको दफा १९ मा संशोधनः मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः–

"१९. निकासी वा पैठारी गर्न मनाही भएका मालसामानको सम्बन्धमा कारवाही गर्नेः प्रचलित कानूनबमोजिम नेपाल अधिराज्यबाहिर वा भित्र निकासी वा पैठारी गर्न मनाही भएको कुनै मालसामान हुलाकबाट निकासी पैठारी हुन लागेको छ भन्ने शंका लागेमा त्यस्ता मालसामान वा डांक नै रोक्का राखी सो कुराको तलासी लिने वा लिन लगाउने अधिकार श्री ५ को सरकारबाट अधिकार प्राप्त अधिकारीलाई हुनेछ । तलासीबाट प्राप्त भएको निकासी वा पैठारी गर्न मनाही भएको त्यस्तो मालसामान आवश्यक कानूनी कारवाहीको लागि प्रचलित कानूनबमोजिम अधिकार प्राप्त अधिकारी समक्ष बुझाई दिनु पर्नेछ ।"

६. मूल ऐनमा दफा ३७क. थपः मूल ऐनको दफा ३७ पछि देहायको दफा ३७क. थपिएको छः–

"३७क. धनादेश संचालन कोषः (१) श्री ५ को सरकारले धनादेश रकमको भुक्तानी दिने प्रयोजनको लागि धनादेश संचालन कोष (रिभलभिङ फण्ड) स्थापना गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

683

(२) धनादेश संचालन कोषमा श्री ५ को सरकारले जम्मा गरिदिएको रकम र अन्य तोकिएबमोजिमका रकमहरू रहनेछन् ।

(३) धनादेश संचालन कोषको संचालन कार्यविधि तोकिएबमोजिम हुनेछ ।"

७. मूल ऐनको दफा ४३ मा संशोधनः मूल ऐनको दफा ४३ मा रहेका "पाँच सय रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय" भन्ने शब्दहरूको सट्टा "एक हजार रूपैयाँसम्म जरिवाना" भन्ने शब्दहरू राखिएका छन् ।

८. मूल ऐनको दफा ४४ मा संशोधनः मूल ऐनको दफा ४४ मा रहेका "बढीमा एक महिनासम्म कैद वा ने. रू. पचाससम्म जरिवाना वा दुवै सजाय" भन्ने शब्दहरूको सट्टा "एक हजार रूपैयाँसम्म जरिवाना" भन्ने शब्दहरू राखिएका छन् ।

९. मूल ऐनको दफा ४५ मा संशोधनः मूल ऐनको दफा ४५ मा रहेका "बढीमा ६ महिनासम्म कैद वा ने. रू. दुई सय पचाससम्म जरिवाना वा दुवै सजाय" भन्ने शब्दहरूको सट्टा "एक हजार रूपैयाँसम्म जरिवाना" भन्ने शब्दहरू राखिएका छन् ।

१०. मूल ऐनको दफा ४६ मा संशोधनः मूल ऐनको दफा ४६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) हुलाक अड्डाको कर्मचारी वा डांक परिवहनको काममा लागेका व्यक्ति वा संस्था वा अरू कसैले हुलाकबाट चलान गर्दाको अवस्थामा डांक थैला वा हुलाक वस्तु वा त्यसमा रहेका चीज वस्तु चोरी गरेमा, झिकेमा, फ्यांकेमा, हिनामिना गरेमा वा नष्ट गरेमा वा जुनसुकै उद्देश्यले दवाएमा वा क्षति पुऱ्याएमा निजबाट विगो समेत असूल गरी निजलाई पाँच वर्षसम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।"

११. मूल ऐनमा दफा ४७क. थपः मूल ऐनको दफा ४७ पछि देहायको दफा ४७क. थपिएको छः–

"४७क. डांक परिवहनमा बाधा विरोध गरेमा सजायः निर्धारित समय तालिका अनुसार डांक परिवहन गराउँदा कसैले बाधा विरोध गरेमा निजलाई एक हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. मूल ऐनको दफा ५३ मा संशोधनः मूल ऐनको दफा ५३ को उपदफा (१) मा रहेका "निजलाई बढीमा ६ महिनासम्म कैदै वा ने. रू. दुई सय पचाससम्म जरिवाना वा दुवै सजाय" भन्ने शब्दहरूको सट्टा "त्यसरी लिएको बढी रकम निज-बाट भराई निजलाई एक हजार रूपैयाँसम्म जरिवाना" भन्ने शब्दहरू राखिएका छन् ।

१३. मूल ऐनको दफा ५७ मा संशोधनः मूल ऐनको दफा ५७ मा रहेका "ने. रू. दुई सयसम्म" भन्ने शब्दहरूको सट्टा "एक हजार रूपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

१४. मूल ऐनको दफा ५८ मा संशोधनः मूल ऐनको दफा ५८ को सट्टा देहायको दफा ५८ राखिएको छः–

"५८. डांक रोक्का गरेमा वा खोलेमा वा डांक थैला भिजाएमा वा हस्तान्तरण गर्न ढिला सुस्ती गरेमा सजायः कुनै व्यक्तिले यो ऐनमा वा श्री ५ को सरकारको आदेश वा अधिकार प्राप्त अधिकारी वा अदालतको आदेश बमोजिम बाहेक हुलाकबाट चलान गर्दाको अवस्थामा कुनै डांक थैला वा हुलाक वस्तु निर्दिष्ट स्थानमा नपुग्दै कुनै वहानाले बीचमा रोकेमा वा खोलेमा वा डांक थैला भिजाएमा वा डांक वा हुलाक वस्तु हस्तान्तरण गर्ने काममा खटिएका कर्मचारीलाई सो गर्नमा बाधा विरोध गरेमा निजलाई तीन महिनासम्म कैद वा पाँच सय रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।"

१५. मूल ऐनको दफा ५९ मा संशोधनः मूल ऐनको दफा ५९ मा रहेका "दुई वर्षसम्म कैदै वा ने. रू. एक हजारसम्म जरिवाना वा दुवै सजाय" भन्ने शब्दहरूको सट्टा "दुई हजार रूपैयाँसम्म जरिवाना" भन्ने शब्दहरू राखिएका छन् ।

१६. मूल ऐनको दफा ६० मा संशोधनः मूल ऐनको दफा ६० मा रहेका "बढीमा ६ महिनासम्म कैदै वा ने. रू. दुई सय पचाससम्म जरिवाना वा दुवै सजाय" भन्ने शब्दहरूको सट्टा "एक हजार रूपैयाँसम्म जरिवाना" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. मूल ऐनमा दफा ६१ क. थप: मूल ऐनको दफा ६१ पछि देहायको दफा ६१क. थपिएको छः–

"६१क. हुलाक टिकट झिकेमा सजायः हुलाक अड्डाको कर्मचारी वा डांक परिवहनमा लागेका व्यक्तिले हुलाक महसुल बापत हुलाक वस्तुमा टाँसिएको हुलाक टिकट चोरी गरेमा, झिकेमा, फ्यांकेमा वा कुनै प्रकारले नष्ट गरेमा निजलाई त्यस्तो टिकटको विगो असूल गरी एक हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।"

१८. मूल ऐनको दफा ६२ मा संशोधनः मूल ऐनको दफा ६२ मा रहेका "निजलाई बढीमा दुई वर्षसम्म कैद वा ने. रू. एक हजारसम्म जरिवाना वा दुवै सजाय" भन्ने शब्दहरूको सट्टा "श्री ५ को सरकारलाई क्षति पुग्न गएको रकम निजबाट असूल गरी बढीमा दुई हजार रूपैयाँसम्म जरिवाना" भन्ने शब्दहरू राखिएका छन् ।

१९. मूल ऐनमा दफा ६८क. थपः मूल ऐनको दफा ६८ पछि देहायको दफा ६८क. थपिएको छः–

"६८क. मुद्दा हेर्ने अधिकारः (१) दफा ४३, ४४, ४५, ४७क., ५१, ५२, ५३, ५५, ५६, ५७, ५९, ६०, ६१क. र ६२ बमोजिम सजाय हुने कसूरसम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित नियन्त्रकलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको मुद्दा हेर्ने अधिकारीलाई जिल्ला अदालतलाई भए सरहको अधिकार हुनेछ ।

(३) उपदफा (१) बमोजिम नियन्त्रकले गरेको निर्णय उपर अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ ।

(४) जिल्ला अदालतले आफू समक्ष दायर भएको हुलाक अपराध सम्बन्धी मुद्दाको कारवाही गर्दा सो मुद्दाको रोहबाट सम्बन्धित अभियुक्तले उपदफा (१) मा उल्लेखित दफाहरूसंग सम्बन्धित कुनै कसूर समेत गरेको देखिएमा जिल्ला अदालतले त्यस्ता कसूरसम्बन्धी मुद्दामा समेत कारवाही र किनारा गर्न सक्नेछ ।

(५) हुलाक अपराध सम्बन्धमा तहकिकात गर्दा एकै व्यक्तिले एक भन्दा बढी कसूर गरेको वा एउटै हुलाक वस्तुको सम्बन्धमा विभिन्न व्यक्तिले छुट्टाछुट्टै कसूर गरेकोमा त्यस्ता कसूरसम्बन्धी मुद्दा हेर्ने अधिकार बेग्लाबेग्लै नियन्त्रकको अधिकार क्षेत्रभित्र पर्ने रहेछ भने त्यस्ता कसूरहरू



आधिकारिकता ८४९. विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।